# सरावल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, नवलपरासी

सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका-२०७८ को प्रथम संसोधन-२०७८

सभाबाट स्वीकृत मितिः २०७८/०९/२९
प्रमाणिकरण मिति २०७७/०९/३०
प्रकाशित २०७७/०९/३०

सरावल गाउँपालिका, नवलपरासी आर्थिक बर्ष २०७८/०७९ सरावल गाउँपालिकाको सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका-२०७८ लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको नवौं यो ऐन संसोधन गरेको छ ।

१. संङ्क्षिप नाम र प्रारम्भः-

(क) यो निर्देशिकाको नाम **"सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका- २०७८ को प्रथम संसोधन-२०७८"** रहेको छ ।

(ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. सरावल गाउँपालिकाको कार्यसंचालन निर्देशिका- २०७८ को दफा ८ को उपदफा ७ मा संसोधन**

सवारी साधन प्रयोग गर्ने पदाधिकारी/ कर्मचारीले प्रयोग गरेको सवारी साधन यागि मर्मत बिल बमोजिम बढीमा कार/जिपको एक पटक वा पटक-पटक नारी वार्षिक तिन लाख र मोटरसाइकल वा स्कुटरको लागि एक पटक वा पटक-पटक वार्षिक दश हजार नबढने गरी बिल भरपाई पेश गरे पश्चात मर्मत खर्च उपलब्ध गराईने छ । यस भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

निजि सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई उपदफा ७ बमोजिमको सुविधा लिन चाहेमा आफुले प्रयोग गरेको सवारी साधनको ब्लूबुकको छायाँप्रति र सवारी चालक अनुमतिपत्र प्रतिलिपि अनिवार्य

सरावल गाउँपालिका

रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ । ब्लुबुकको र सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी चालक अनुमतिपत्रको छायाँप्रति पेश नगरे सम्म मर्मत वापतको सुविधा उपलब्ध गराईने छैन ।

### ३. दफा १२ को उपदफा ४ थप भएको

शाखा प्रमुखहरुलाई मासिक पाचँ सय रुपैयामा नबढाई संचार सुविधा वापतको रकम बिल पेश गरेपछि भुक्तानी गरिनेछ । साथै गाउँपालिकाको नाममा जारी भएको मोबाईल नं. प्रयोग कर्मचारीहरुले बिल पेश गरि भुक्तानी माग गर्नु पर्ने छ ।

आज्ञाले:
बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका